महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सुन्दरबजार नगरपालिका

लमजुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सुन्दरबजार नगरपालिका

लमजुङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

सुन्दरबजार नगरपालिका

लमजुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ६८

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
सुन्दरबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
लमजुङ ।

कैफियत सहितको राय

हामीले सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ९८ लाख ६४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १८ लाख ७ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १८ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड २४ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु ३० लाख ९५ हजार र पेश्की रू. ६ लाख ५० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ७ करोड ७८ लाख १२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १० करोड ५८ लाख ६९ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४४	४६	२९८६४	०	२	१८०७	४४	४४	२८०५७	१८६८	२२४४४	३०९५	०	०	२५५३९	६५०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	५९	कोभिड व्यवस्थापनका लागि एम्बुलेन्स भाडा	६५४०००
२	६६	श्रेष्ता पेश	११५३२१८
		जम्मा	१८०७२१८

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

पालिकाको नाम	गत वर्ष सम्मको बाँकी		समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सुन्दरबजार नगरपालिका	७७८१२		०	०	७७८१२	०	२८०५७	१०५८६९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सुन्दरबजार नगरपालिका, लमजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दिवाकर पौडेल	२०७८-१-२६	हाल सम्म कार्यरत
लेखा प्रमुख	नरेन्द्रराज घिमिरे	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	२८,०५७,३७२.२६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१४,३३,०९,३२६.११	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४७,२४,४९,७५०	**चालु खर्च**	४१,९१,२७,९१०.७२
प्रदेश सरकारबाट अनुदान	१,८२,७५,०००	**पूँजीगत खर्च**	१३,४९,७०,११३
राजश्व बाँडफाँट	९,५३,६७,९०२.३	**वित्तीय/अन्य व्यवस्था**	१८,९६,५९,५०४
आन्तरिक आय	१,१९,६१,३३७.२३		
अन्य आय	१६,९३,७५,७५०.४३		
कुल आय	७६,७४,२९,७३९.९६	**कुल खर्च**	७४,३७,५७,५२७.७२
बाँकी मौज्दात		१६,४०,६५,८९४.४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। पालिका अन्तर्गत ११ वडा, ६२ सभा सदस्य, २३५६१ जनसंख्या रहेका छन्। यसको क्षेत्रफल ७२.०३ वर्ग किलोमिटर रहेको छ।	
३			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा कट्टी भएका रकम, निकासा र मूल्य अभिवृद्धि कर गरी रु.२७४५३६० संघीय सरकारमा फिर्ता भएको छ । दहतर बहत्तरको प्रदेशलाई फिर्ता रु.१५०६८० र लेखापरीक्षणको क्रममा रु. ९३७५२७ असुली भई बैंक खातामा दाखिला भएको छ ।	
४			**वित्तीय विवरण** आर्थिक वर्ष २०७८।८९ को म ले प फा नं २७२ अनुसार प्राप्ति र भुक्तानी देहायबमोजिम रहेको छ ।	

प्रासी भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

प्राप्ती (क+ख)		६३,२३,४८,६३३.७०	५७,४०,४६,४१४.२४		५७,४०,४६,४१४.२४	१३,१४,६५,५७८.६६		१३,१४,६५,५७८.६६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६१,९५,७२,०००	५६,१७,२६,७१४.२४	०	५६,१७,२६,७१४.२४	११,००,२०,७३९.६६	०	११,००,२०,७३९.६६
११००० कर	११	९,४०,९८,०००	९,५७,०४,५००.२४	०	९,५७,०४,५००.२४	१,२७,७०,७३९.६६	०	१,२७,७०,७३९.६६
१३००० अनुदान		५०,५५,४४,०००	४६,००,४३,२००	०	४६,००,४३,२००	९,७२,५०,०००	०	९,७२,५०,०००
संघीय सरकार	१२	४८,२५,३१,०००	४४,१७,६८,२००	०	४४,१७,६८,२००	७,७२,५०,०००	०	७,७२,५०,०००
प्रदेश सरकार	१२	२,३०,१३,०००	१,८२,७५,०००	०	१,८२,७५,०००	२,००,००,०००	०	२,००,००,०००
१४००० अन्य राजस्व		१,९९,३०,०००	५९,७९,०१४	०	५९,७९,०१४	०	०	०
ख. अन्य प्राप्ति		१,२७,७६,६३३.७०	१,२३,१९,७००		१,२३,१९,७००	२,१४,४४,८३९		२,१४,४४,८३९
कोषहरु		१,२७,७६,६३३.७०	१,१८,५६,८३८	०	१,१८,५६,८३८	१,९३,४३,०००	०	१,९३,४३,०००
धरौटी		०	४,६२,८६२	०	४,६२,८६२	२१,०१,८३९	०	२१,०१,८३९
भुक्तानी (ग+घ)		६९,७३,४८,६३३.७०	५६,७१,९५,६८७.९६		५६,७१,९५,६८७.९६	४७,१२,५६,५८९.४३		४७,१२,५६,५८९.४३
ग. भुक्तानी (सञ्चित कोषबाट)		६८,४५,७२,०००	५५,३७,४१,९५३.६७		५५,३७,४१,९५३.६७	४५,९९,४६,३५७.४३		४५,९९,४६,३५७.४३
२१००० पारिश्रमिक / सुविधा	१८	३०,५२,६१,०००	२७,७६,८३,८०६.०८	०	२७,७६,८३,८०६.०८	२५,२९,२१,१००.०३	०	२५,२९,२१,१००.०३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	१७,३२,७३,०००	१२,१६,६३,५४५.६४	०	१२,१६,६३,५४५.६४	११,७८,६०,३८४.४०	०	११,७८,६०,३८४.४०	
			२५००० सहायता (Subsidy)	१८	९२,२८,०००	८१,७८,६२३	०	८१,७८,६२३	३९,५०,०००	०	३९,५०,०००	
			२७००० सामाजिक सुरक्षा	१८	१,५०,९५,०००	९४,१५,९७३	०	९४,१५,९७३	४६,८२,६७०	०	४६,८२,६७०	
			२८००० अन्य खर्च	१८	३८,६८,१००	२०,२७,३४९	०	२०,२७,३४९	२०,२७,०६७	०	२०,२७,०६७	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१७,७८,४६,९००	१३,४७,७२,६५६.९५	०	१३,४७,७२,६५६.९५	७,८५,०५,१३६	०	७,८५,०५,१३६	
			घ. अन्य भूक्तानी		१,२७,७६,६३३.७०	१,३४,५३,७३४.२९		१,३४,५३,७३४.२९	४७,१२,५६,५८९.४३		४७,१२,५६,५८९.४३	
			कोषहरु		१,२७,७६,६३३.७०	१,०९,०८,४६४.५७	०	१,०९,०८,४६४.५७	१,०३,५०,६९३	०	१,०३,५०,६९३	
			धरौटी		०	३०,५९,९६८	०	३०,५९,९६८	९,५९,५३९	०	९,५९,५३९	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	
			कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(५,१४,६९८.२८)		(५,१४,६९८.२८)				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

ङ. यो वर्षको बचत (न्युन)		(६,५०,००,०००)	६८,५०,७२६.२८		६८,५०,७२६.२८	(३३,९७,९१,०१०.७७)		(३३,९७,९१,०१०.७७)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			४९,२२,२३०		४९,२२,२३०	६,२३,५२,४५१		६,२३,५२,४५१
वर्षान्तको बाकी रकम (ङ + च)		(६,५०,००,०००)	१,१७,७२,९५६.२८		१,१७,७२,९५६.२८	(२७,७४,३८,५५९.७७)		(२७,७४,३८,५५९.७७)
बैंक तथा नगद बाकी	२४		१,२३,७६,९८२.२८		१,२३,७६,९८२.२८	१९,४८,६३,७०२.०४		१९,४८,६३,७०२.०४

अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फ

विवरण	आय	विवरण	खर्च
सामाजिक सुरक्षा	१२५९७११९६	सामाजिक सुरक्षा	१२५९७११९६
गरिबसँग विश्वेश्वर कार्यक्रम	४६४०००	गरिबसँग विश्वेश्वर कार्यक्रम	४६४०००
एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	९५८३३३०	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	९५८३३३०
जम्मा	१३६०१८५२६	जम्मा	१३६०१८५२६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**आन्तरिक नियन्त्रण प्रणाली** • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको छैन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन। • पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको देखिएन। प्रगति विवरण तयार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन। • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो। • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन। • पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो। • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • सहायक जिन्सी खातामा कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको सवारी तथा अन्य जिन्सी सामाग्रीहरुको सम्बन्धित व्यक्तिले बुझिलिएको दस्तखत गरेको र अवकाश वा सरुवा भएका कर्मचारीले फिर्ता गरेका मालसमान हाल कुन अवस्थामा भएको वा अन्य कुनै कर्मचारीलाई पुनः प्रयोगका लागि बुझाएको भन्ने रेकर्ड व्यवस्थित रुपमा राखेको पाइएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४को नि ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको। • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको। • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको। • विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको, • सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,	
६			**वित्तीय विवरणको विश्लेषण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् : • सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को संचितकोषको प्राप्ती तर्फ रु.५६१७२६७१४।२४ देखिएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदान रु.५२४०८१९७४।४३, बाँडफाँडबाट प्राप्त रकम रु.९४७६३८७६ र आन्तरिक आम्दानी रु.१२५६५३६३।२३ समेत रु.६०२३७३७०७।५३ हुने देखिन्छ । जसमा रु.४०६४६९९३।२९ सुत्रले कम देखाएको छ । जुन रकम निकासा भएको तर सुत्रमा आम्दानी नबाधेको कारणले फरक परेको देखाएकोमा पालिकाले यस विषयमा एकीन गर्नुपर्छ । एकीकृत आ वि अनुसार अन्य प्राप्तिमा कोषहरुको धरौटी रु.१७६२०९० तथा कोषहरु रु.११४५६८३८ समेत अन्य विविध आम्दानी रु.१५४१८५७८।४३ रहेकोमा म ले प फा नं २७२ मा कोषहरुको रु ११८५६८३८ र धरौटी रु ४६२८६२ रहेको छ । जस अनुसार म.ले.प.फा.२७२ मा धरौटी तर्फ रु.१२९९२२८ कम देखाएको रकम सुत्रमा आम्दानी गर्नुपर्ने देखिन्छ, भने कोषहरु तर्फको रु.१५४१८५७८।४३ कम देखाएको रकम सम्बन्धमा पालिकाले एकीन गर्नुपर्ने देखिन्छ । यसरी कुल हिसाब एकीन गरी धरौटीको रु.१२९९२२८ आम्दानी गर्नुपर्ने देखिन्छ । • यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.१३ करोड ६० लाख १६ हजार ५२६ समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भए बमोजिम पालिकाले पेश	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी स्थानिय संचित कोषमा आम्दानी बाँधिएको छ। **गत वर्षको जिम्मेवारीः** पालिकाले म.ले.प प्रतिवेदन अनुसार संचित कोष तथा अन्य विभिन्न कोष समेत गरी रु.१४३३०९३२६।११ यस आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्नेमा एकीकृत आर्थिक विवरणमा रु१४३३०९३२६।११ जिम्मेवारी सारेको देखिन्छ । तर सुत्रको म.ले.प.फा.न २७२ मा रु.४९२२२३० अल्या गरेको देखिन्छ यस सम्बन्धमा पालिकाले एकीन गर्नुपर्छ । **बैंक मौज्दातः** प्रमाणित एकिकृत आर्थिक विवरणमा संचित कोष तथा अन्य विभिन्न कोषहरुको समेत गरी बैंक मौज्दात रु.१६४०६५८९४।४० देखाएकोमा सुत्रको म.ले.प.फा.न २७२ मा रु.१२३७७६९८२।२८ देखिन्छ। एकिकृत आ.वि. र सुत्रको म.ले.प.फा.न २७२ मा रु.४०१८८९१२।१२ फरक परेको देखिन्छ । सुत्रमा आम्दानी नबाधेको कारणले फरक परेको जनाएको छ ।	
७			**खर्च विश्लेषण** पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.१२५६५३६३।२३, राजस्व बाँडफाँड रु.९४७६३८७६।३० र अनुदानबाट रु.४९५०४४४६८ समेत रु.६०२३७३७०७।५३ आम्दानी गरेकोमा चालुतर्फ रु.४१९१२७९१०।७२ र पूँजीगततर्फ रु.१३४९७०१२०।९५ समेत रु.५५४०९८०३१।६७ खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २।२७ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.१६१५८५५१ खर्च भएको छ जुन आन्तरिक आयको १२८।६० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७।६९ प्रतिशत चालु र २२।४१ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको,प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।	
८			**क्षेत्रगत बजेट र खर्चको स्थिती** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	५६४१००००	३८४७९७८८	६.९५
सामाजिक क्षेत्र	३४५१०००००	२८९८१२९४८	५२.३४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१०४४१७९००</td><td>७८१३४२३५</td><td>१४.११</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>२५२८९१००</td><td>२०००८८५८</td><td>३.६१</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१५३३५५०००</td><td>१२७३०६१२४</td><td>२२.९९</td></tr>
<tr><td>जम्मा</td><td>६८४५७२०००</td><td>५५३७४१९५३</td><td>१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>बजेट पेश पारित तथा अख्तियारी
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७८।०३।१० गते रु.६८ करोड ४५ लाख ७२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।२३ मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७८।४।०७ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>चौमासिक पुँजिगत खर्च
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कूल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td></td><td>विभिन्न</td><td>१३४७७२</td><td>१६२१०</td><td>२१९६९</td><td>९६५९२</td><td>६०२११</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>१२।०८</td><td>१६।३०</td><td>७१।६७</td><td>४४।६७</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**जिन्सी निरिक्षण प्रतिवेदन तयार नगरेको** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ बमोजिम कार्यालयले लगत खडा गरी कम्तिमा बर्षमा एक पटक अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसमानको मौजुदा अवस्थाको सम्बन्धमा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी कार्यालय प्रमुखबाट प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन । जिन्सी निरिक्षण नहुँदा सम्पति तथा जिन्सी मालसमानको संख्या र मौजुदा अवस्था, सम्पति तथा जिन्सी मालसमानको संरक्षण र सम्भार भए नभएको , मर्मत तथा लिलाम गर्नुपर्ने माल समानको विवरण, जिन्सी मालसमान हराए वा नासिएको सम्बन्धमा एकीन गर्न सकिएन ।	
१२			**आन्तरिक लेखापरीक्षण** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७७ को उपदफा २ बमोजिम स्थानीय तहले कानून बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक लेखपारीक्षकको पद रिक्त भएको कारणले आन्तरिक लेखापरीक्षण हुन नसकेको जनाएको छ । जसको कारणले गर्दा पालिकाको आन्तरिक आय, राजस्व बाँडफाड, संघ प्रदेशको अनुदान लगायत विभिन्न कोषहरुको समेत गरी कुल रु.७७ करोड ४७ लाख २० हजारको आन्तरिक लेखापरीक्षण भएको छैन । पालिकाले आन्तरिक लेखापरीक्षकको दरबन्दी माग गरी एवं रिक्त पदपुर्ति गरि आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।	
१३			**सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएकोः** पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(**PAMS**) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।	
१४			**भ्रमण खर्च** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२२ लाख २९ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ।	
१५			**तलबी प्रतिबेदन** निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० को मिति २०७६।५।१८ को पत्र अनुसार नेपाल सरकार माननिय मन्त्रि स्तरको निर्णय बमोजिम स्थानीय तहका कर्मचरी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने निर्देशन भएको र कार्यालयले तलवी प्रतिवेदन पास गर्नका लागि को.ले.नि.का.मा पेश गरेको भएतापनि को.ले.नि.का.ले पास गरेको देखिएन । यस वर्ष पालिकाले तलबी प्रतिवेदन पास नगरी वर्षभरीमा पालिकातर्फनगरपालिका तर्फको तलब भत्ता रु.२ करोड ९६ लाख ९३ हजार, स्वास्थ्य तर्फ रु.३ करोड ३३ लाख र शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पास नगरी शिक्षा तर्फ रु१६ करोड ८५ लाख ५८ हजार खर्च लेखेको छ । जिम्मेवार निकायले तलबी प्रतिवेदन पास गर्नेतर्फ ध्यान दिनुपर्छ ।	
१६			**कर्मचारी पदपुर्ती** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ४४ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार १६ पदहरु रिक्त रहेका छन् । पालिकाले आवश्यक कर्मचारीको यथाशिघ्र पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।	
१७			**दरबन्दी बाहिरको करार सेवा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ८ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.९९९८४८८ खर्च लेखेको छ । शशर्त तर्फ २० जना कर्मचारी राखी कुल रु.८१ लाख खर्च गरेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । तर पालिकाले दरबन्दी बाहिर ६ जना सामाजिक परिचालकहरु विभिन्न वडामा राखी बर्षभरीमा रु.१२१६८०० खर्च लेखेको छ । यसरी कानूनमा व्यवस्था नभएको पदमा करारमा राखी पारिश्रमिकमा खर्च गरेको रकम अनियमित देखिएको रु.	१२१६८००
१८			**कर्मचारी कल्याण कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष राजस्व बाडफाडबाट कर्मचारी कल्याण कोषमा रु.१० लाख रकम ट्रान्सफर गरेको छ ।	
१९			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस १०८७, घरबाटो सिफारिस ६०९, घर जग्गा सिफारिस २०७, चारकिला सिफारिस २९०,विवाह ३२३, सम्बन्ध विच्छेद १९, जन्म तथा मृत्यु दर्ता १०१५, वसाईसराई ६२७ दर्ता गरेको पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।	
२०			**योजना र कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:	

सि न	विवरण	योजना संख्या	खर्च रकम
१	१ लाख भन्दा कमको योजना	२०	१६०००००
२	१ लाख देखि पाँच लाख सम्मका योजना	१४२	२७२७५७२५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>५ लाख देखि १० लाख सम्मका योजना</td><td>१५</td><td>११८४७६२८</td></tr>
<tr><td>४</td><td>१० लाख एक देखि ५० लाख सम्मा योजना</td><td>७</td><td>१३००००००</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका योजनाहरु</td><td>१</td><td>६२८५८००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९५</td><td>६०००९१६३</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ४ वटा नियमावली, १५ कार्यविधि लगायत ४१ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३८ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>न्यायीक समितिः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ रहेकोमा यो बर्ष १९ मुद्दा दर्ता भएकोमा ९ फछ्र्यौट भई बाँकी १२ भएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>गत विगतको बैठक भत्ता भुक्तानी
पालिकाले यस वर्ष गत विगतको भुक्तानी दिन बाँकीको विवरण सभामा पारित गरी २०७६ कार्तिक देखि २०७८ असार सम्मको वडा बैठक भत्ता रकम रु.४२९९००० रकम खर्च गरेको छ । यसरी गत विगतमा नलिएको सुविधा पुनः थप सुविधा लिनकै लागि सभामा पेश गरि चालु आवमा भुक्तानी दिएको रकम नियम सम्मत मान्न सकिएन । साथै पालिकाले जुन आर्थिक वर्षमा दायित्व सिर्जना हुन्छ सोही आर्थिक वर्षमा खर्च गर्ने परिपाटीको विकास गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>

खाना तथा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नगरपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतमा विविधतर्फ मात्र रु.३७ लाख खर्च गरेको छ । नगरपालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति सँख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । नगरपालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र सँलग्न गरी बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

<table>
<tr><th>भौचर नं</th><th>भुक्तानी लिने पक्ष</th><th>खर्च विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>६६२।०७९।३।१३</td><td>विष्णु थापा किराना पसल</td><td>किराना सामाग्री खरिद</td><td>१५६८१०</td></tr>
<tr><td>१२४।०७८।६।२०</td><td>विष्णु थापा किराना पसल</td><td>किराना सामाग्री खरिदका विजक नं ३३ देखि ४९ सम्मका ठाडो विल</td><td>१४७४२०</td></tr>
<tr><td>७४०।०७९।३।२०</td><td>भिन्तुना नेवाः खाजा घर</td><td>खाजा खाना विल भुक्तानी</td><td>७४५००</td></tr>
<tr><td>७५३।०७९।३।२१</td><td>भिन्तुना नेवाः खाजा घर</td><td>खाजा खाना विल भुक्तानी</td><td>१६०५५०</td></tr>
<tr><td>८०५।०७९।३।२५</td><td>भिन्तुना नेवाः खाजा घर</td><td>खाजा खाना विल भुक्तानी</td><td>१४८७००</td></tr>
<tr><td>७२।०७८।५।१६</td><td>सुन्दरबजार रेष्टुरेन्ट</td><td>खाजा खाना विल भुक्तानी</td><td>५८८७०</td></tr>
<tr><td>९२।०७८।६।१३</td><td>सुन्दरबजार रेष्टुरेन्ट</td><td>खाजा खाना विल भुक्तानी</td><td>६५५४५</td></tr>
<tr><td>१८७।०७८।६।२०</td><td>सुन्दरबजार रेष्टुरेन्ट</td><td>खाजा खाना विल भुक्तानी</td><td>८८७२५</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>

जनप्रतिनिधिको सामान बरबुझारथ

आर्थिक कार्याबिधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा ४४ बमोजिम आफ्नो जिम्मेवारीबाट अलग हुदा आफ्नो जिम्मामा रहेको नगद तथा जिन्सी मालसामान बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । साविक नगरप्रमुख जनक राज मिश्र जिम्मामा रहेका ल्यापटप, LED TV , फ्रिज लगायतका विभिन्न सामानहरु जिन्सि फिर्ता गरेको देखिएन । बुझाउनुपर्ने बाकी सामानहरु बुझाइ फरफारक गरीनुपर्ने देखिन्छ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>जिन्सी बरबुझारथ
आर्थिक कार्याबिधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा ४४ तथा नियमावली २०७७ को नियम १०३ बमोजिम कुनै कर्मचारी सरुवा ,बढुवा , कुनै कारणले कार्यालय छाडी जादा वा सो जिम्मेवारीबाट अलग हुदा आफ्नो जिम्मामा रहेको नगद तथा जिन्सी मालसामान बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । साविक प्रमुख प्रशासकीय अधिकृतको जिम्मामा रहेका ठाकुर जी तिवारीले फ्रिज, दराज, अफिस टेबुल, टिभी, विभिन थान प्रेस कुकर,सोफा सेट, किचेनका विभिन सामानहरु , निवासमा आवश्यक पर्दा , कार्पेट, पलङ लगायतका ठुलो सङख्यामा सामानहरु बुझेको देखिन्छ । प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीबाट अलग हुँदा ति सामानहरु नियमानुसार बुझाउनुपर्नेमा बुझाएको देखिएन ।जिन्सीबाट लगेका सामानहरु एकीन गरी बुझाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>आर्थिक सहायता
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस सामाजिक सुरक्षा र उद्दार राहत तथा पुनस्थापना खर्च भनी रु.५१ लाख २८ हजार वितरण गरेका छ। । केही गोश्वारा भौचरको नमूना छनौट गर्दा कार्यालयले विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता वितरण गरेको छ । कार्यालयले आर्थिक सहायता वितरणको मापदण्ड र कार्यविधि तर्जूमा नगरी वितरण कार्य गरेकोले यस्ता प्रकारका खर्चहरु नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरुः
<table>
<tr><th>भौ नं /मिति</th><th>सहायता प्राप्त गर्ने व्यक्ति संस्था</th><th>सहायता रकम</th></tr>
<tr><td></td><td>लमजुङ पोखरा सम्पर्क समिति</td><td>८०००</td></tr>
<tr><td>३२७।०७८।१०।४</td><td>सुक बहादुर दमै</td><td>१०००००</td></tr>
<tr><td>५७३।०७९।२।१३</td><td>राष्ट्रसेवक कर्मचारी मञ्च</td><td>१५०००</td></tr>
<tr><td>१४१।०७८।६।२४</td><td>देवीमायम परियार</td><td>३९४००</td></tr>
<tr><td>२३६।०७८।८।२२</td><td>महिमा ढुंगाना</td><td>२५०००</td></tr>
<tr><td></td><td>पत्रकार नबराज पहाडि</td><td>२५०००</td></tr>
<tr><td></td><td>अन्नपूर्ण संरक्षण समिति</td><td>३००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>अनुत्पादक तथा वितरणमुखी खर्च

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.८१०००० खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
<table>
<tr><td>सि.नं.</td><td>भुक्तानी पाउने संस्थाको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१</td><td>योग बहादुर गुरुङ्ग</td><td>विविध खेलकुद कार्यक्रम संचालन</td><td>१०००००</td></tr>
<tr><td>२</td><td>सशस्त्र प्रहरी बल नेपाल आश्रीत गुल्म</td><td>भवन मर्मत</td><td>३००००</td></tr>
<tr><td>३</td><td>मालपोत कार्यालय</td><td>कार्यालय सुदृढीकरण तथा व्यवस्थापन</td><td>१०००००</td></tr>
<tr><td>४</td><td>पाउदी खोला लिफ्टिङ खानेपानी आयोजना</td><td>नेपाल विद्युत प्राधिकरणको विल भुक्तानी</td><td>२८००००</td></tr>
<tr><td>५</td><td>नेपाल पत्रकार महासंघ</td><td>भवन निर्माण</td><td>३०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८१००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>नाफामुलक सँस्थालाइ अनुदान
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले भौचर नं ६२१।०७९।३।६ बाट सिर्जनात्मक बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई विविध कार्यक्रम संचालनका गर्नका लागि रु.५०००० रकम उपलब्ध गरएको छ । साथै अनुदान लिएको नाफामुलक संस्थाले स्थानिय जनतालाई दिएको सहुलियत तथा सुविधाको सम्बन्धमा समेत पालिकाबाट अनुगमन भएको पाईएन् । तसर्थ यसप्रकारको अनुदान उपलब्ध गराउने कार्यमा नियन्त्रण गरी नाफामुलक संस्थालाई अनुदान उपलब्ध गराउने मिल्ने कुनै कानुनी व्यवस्था भएको नदेखिएकाले अनियमित देखिएको रु.</td><td>५०,०००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>सभाबाट कार्यक्रम स्वीकृत बेगरको खर्च
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विपद</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यवस्थापनका लागि नाम नामेसी कार्यक्रम बजेट व्यवस्था नगरी कार्यपालिकाको विभिन्न मितिको निर्णयको आधारमा विपद व्यवस्थापन कोषबाट रु.४२८००२३ र गत आर्थिक वर्षको भुक्तानी बाँकी रु.१०१९८२८३ समेत रु.१४४७८३०६ खर्च गरेको छ । यसरी कार्यक्रम र बजेट सभाबाट स्वीकृत नगरी खर्च गर्ने प्रकृयामा नियन्त्रण गर्नुपर्दछ ।	
३१			**घर नक्सा पास** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम पालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । नगरपालिकामा यस वर्ष घर नक्सा पासको लागि के कति दर्ता भए, के कति नक्सा पास भए तथा के कति अभिलेखिकरण भए सोको विवरण लेखापरीक्षणको क्रममा प्राप्त भएन । पालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी नगरपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।	
३२			**मनोरञ्जन कर** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ बमोजिम सिनेमा,भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत थियटर मनोरञ्जन प्रदशर्न स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक बर्ष २०७८।७९ मा नगरपालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । नगरपालिकाको क्षेत्रभित्रबाट उठनु पर्ने मनोरञ्जन कर लगायतका करहरु पहिचान तथा एकिन गरी असुल गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३३			**घर बहाल कर** आर्थिक ऐन, २०७८ बमोजिम घरधनिले वहालमा लगाएको संझौतामाउल्लेख गरेको रकमको १० प्रतिशत वा नगरवाट निर्धारित न्युनतम तोकिएको रकममा जुन वढी हुन्छ वढी रकमको आधारमा वहालकर लगाइने उल्लेख छ। कार्यालयले वहाल कर बुझाउन आउने करदाता वाहेक अन्यलाइ करको दायरामा ल्याएको छैन भने ल्याउन प्रयास समेत गरेको देखिदैन। अनिवार्य रुपमा तिर्नुपर्ने कर्पोरेट करदाताहरुवाट प्राप्त भएको घरवहाल रकम मात्र घरधनीहरुले तिर्ने गरेको अवस्था छ। तिर्नुपर्ने कति हो र तिरेको कति हो सो को अभिलेख कार्यालयले नराखी वहाल कर पुस्तिकामा चढाएर सोझै धरधनिलाई दिएको अवस्था छ। यस वर्ष पालिकाले घर बहाल कर रु.उठेको रेकर्ड पेश गरेको छ । पालिकाले वहालकरलाई व्यवस्थित गरी आन्तरिक आय वृद्धि गर्नेतर्फ जोड दिनुपर्ने देखिन्छ ।	
३४			**व्यवसाय कर**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार संचलान ऐन,२०७४ को दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा पालिकाले दर्ता तथा नविकरण गरेको रकम दाखिला राजस्वको softwareमा देखिएतापनी कुल व्यवसाय दर्ता गर्ने,नविकरण गर्ने तथा बाँकिको विवरणSYSTEM बाट देखिदैन । राजस्वको software मा नविकरण गर्ने, दर्ता गर्ने, वार्षिक कर नतिर्ने, समयमा नतिरेको कारण जरिवाना लगाएका करदाता आदिको छुट्टछुट्टै अभिलेख देखिने गरी राजस्वको softwareराख्नुपर्ने देखिन्छ।	
३५			**फोहोरमैला व्यवस्थापन** नगरपालिकाले वडा नं ५,६,७,८ र ९ को फोहोर व्यवस्थापन गर्न वडा नं ५ मा ल्याण्डफिल्ड साइट भाडामा लिई वार्षिक भाडा रु.१४२७८० खर्च गरेको छ । सोही वडाहरुको फोहोर संकलन गरी ल्याण्डफिल्ड साइटमा विसर्जन गर्नका लागि नगरपालिकाले गंगा बहादुर तामाङसँग सम्झौता गरी मासिक रु.२०००० का दरले वर्षमा रु.२४०००० भुक्तानी गरेको छ । पालिकाले फोहोरमैला संकलन गर्न स्थानीयसँग शुल्क लिइ आम्दानी गर्नका लागि कुनै रसिद छपाएर दिएको र फोहोरमैला उठाएबापतको कुनै राजस्व पालिकामा प्राप्त भएको छैन । तर गंगाबहादुरले फोहोरमैला उठाएबापत स्थानीय घर धनीसँग रु.१०० र भाडामा बस्नेसँग रु.५० का दरले मासिक शुल्क लिने गरेको जानकारी प्राप्त भएको छ । यसरी पालिकाले फोहोरमैला संकलनको लागि मासिक रकम उपलब्ध गराउने तर स्थानीयबाट संकलित रकम पालिकामा आम्दानी नभएको देखिएकोले पालिकालाई प्राप्त हुने राजस्व गुमेको देखिन्छ ।तसर्थ गंगाबहादुरले यस आर्थिक वर्ष २०७८।७९ मा के कति रकम स्थानीयबाट संकलन गरेको हो सोको एकीन गरी निजबाट रकम असुल गर्नुपर्ने देखिन्छ ।	
३६			**कम राजस्व संकलन** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा गिट्टी वालुवा विक्रि वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुंगा, गिट्टी, वालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले आर्थिक वर्ष २०७५।७६ मा वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण गरेकोमा चालु आ व मा गरेको देखिएन । साथै पालिकाले आन्तरिक आयको लागि घाटहरुको ठेक्का लगाई राजस्व संकलन गर्नुपर्नेमा ठेक्का नलगाई विभिन्न घाटहरुबाट वडाबाट रसिद काटी अमानतबाट राजस्व संकलन गरेको छ । २०७५।७६ को वातावरणीय मूल्याङ्कनको परिमाणलाई आधार लिदा पाउँदी खोला र मर्याङ्गदी नदीको विभिन्न घाटहरुबाट मू अ कर समेत रु.१३६२४३८० राजस्व संकलन हुने देखिएकोमा पालकाले वर्ष भरिमा दहत्तर बहत्तरबाट कुल रु.१३८३४१० मात्र संकलन भएको देखिन्छ । जसले गर्दा	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकालाई बार्षिक रु.१२२४०९७० राजस्व गुमेको देखिन्छ । पालिकाले समयमै वातावरणीय मूल्याङ्कन गरी ठेक्का लगाई राजस्व संकलन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
<table>
<tr><th>क सं</th><th>स्थान</th><th>बार्षिक उत्खनन गर्न सकिने घन मिटर</th><th>प्रति घन मिटर प्राप्त हुने दर</th><th>अनुमानित राजस्व रकम मु अ कर समेत</th></tr>
<tr><td>१</td><td>पाउँदी खोला सिउँडीबगर फुलबारी बगर १ र २</td><td>१५९८९०.८</td><td>७.९१</td><td>१२६४७३६</td></tr>
<tr><td>२</td><td>मर्याङ्गदी नदी किनार (ES1 to ES9)</td><td>१५६२५३४</td><td>७.९१</td><td>१२३५९६४४</td></tr>
<tr><td colspan="4">जम्मा संकलन गर्न सकिने वार्षिक राजस्व रकम</td><td>१३६२४३८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>ब्याकहु लोडरवाट भएको कार्यको प्राविधिक मूल्यांकन नभएको
सार्वजनिक खरिद नियमावलीको नियम १२३ अनुसार निर्माण कार्यको नापजाँच गरी प्राविधिक मुल्याँकनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।कार्यालयले व्याक हो लोडर सञ्चालन खर्च शिर्षकमा अपरेटरको भत्ता, इन्धन तथा मर्मतवापत वार्षिक रु.१६७२५८३ खर्च लेखेकोमा वर्षभरी कुनै पनि व्यक्ति तथा संस्थालाई भाडामा नलगाएकोले यसबाट वार्षिक आम्दानी शुन्य रहेको पाइयो।करोडौं रकम खर्चेर खरिद भएको व्याक हो लोडरवाट पालिकाले शुन्य आम्दानी गर्नु औचित्यपूर्ण देखिएन।वार्षिक कुन–कुन योजनामा कति कति घण्टा प्रयोग गरियो भनी सोको रेकर्ड समेत अद्यावधिक नगरेको तथा सोको प्राविधिक मूल्यांकन समेत गरेको पाइएन।पालिकाले वाटो मर्मत, विद्यालय भवन निर्माण स्थल, तथा राजनितिक दलको भवन निर्माण स्थल लगायतका कार्यमा मेशिनको प्रयोग गरी बार्षिक तेल तथा डोजर चालक तथा हेल्परको तलब भत्ता, इन्धन र मर्मतमा रु.१६ लाख ७३ हजार खर्च भएको छ।नगरपालिकाले योजनामा भएको खर्च वराबरको प्राविधिक मूल्यांकन समेत नगरेकोले कुन–कुन योजनामा मेशिन प्रयोग भएको हो सोको प्राविधिक मुल्यांकन सहित खर्चको अभिलेख राखि सरकारि श्रोत साधनबाट प्राप्त रकम संचितकोष दाखिला गर्ने पद्दति अवलम्बन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>पालिकाको ब्याकहु लोडर प्रयोग नगरी विभिन्न मेसिनबाट कार्य गराएको
पालिकाले यस वर्ष पालिका भित्रको पहिरो सरसफाई तथा बाटो मर्मतको लागि पालिका तथा वडा कार्यलायले आफ्नो मेसिन हुँदाहुँदै विभिन्न निर्माण सेवासँग सम्झौता गरि भुक्तानी दिएको देखिन्छ । पालिकाले विभिन्न निर्माण सेवालाई बाटो मर्मत गराएबापत पालिकाले रु.४२ लाख ८० हजार खर्च लेखेको छ । यसरी पालिकाको मेसिनलाई अधिकतम प्रयोग गरी लाभ लिनुको साटो उपयोगिता र औचित्यतालाई ख्याल नगरी खर्च लेखेको रकम अनियमित देखिएको रु.</td><td>४२८००००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>रित पुर्वकको कर विजक नभएको
मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसंग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिमको भौचर र मितिबाट फोटोकपी विलको आधारमा भुक्तानी भएको तथा विजक केरमेट भएको देखिएकाले भ्याट रकम बराबरको मूल्य अभिवृद्धि कर समायोजन पेश गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>भौचर नं</th><th>कार्य विवरण</th><th>भुक्तानी पाउने</th><th>भ्याट नं</th><th>भुक्तानी रकम</th><th>भ्याट रकम</th></tr>
<tr><td rowspan="2">६९१।०७९।३।१६</td><td rowspan="2">सूचना तथा विज्ञापन प्रकाशन</td><td>त्रिलक्ष्मी एडभरटाइजिङ्ग सर्भिसेस प्रा लि विजक नं १२८ र १२९</td><td>६१०१३६५३५</td><td>२३३६५५</td><td>२६८८०</td></tr>
<tr><td>रिभर एडभरटाइजिङ्ग सर्भिसेस विजक नं २५7, ०९८, ०७२ र २५६ विजक केरमेट भएको</td><td>६०४३५५८५८</td><td>३१३४८९</td><td>३६०६५</td></tr>
<tr><td>८०९।०७९।३।२५</td><td>सवारी साधन मर्मत</td><td>सृजना मोटर इन्जिनियरिङ विजक नं ७७६</td><td>३०१५२२८२९</td><td>१३७७५९</td><td>१५८४८</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>७८७९३</td></tr>
</table></td><td>७८,७९३</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>पारिश्रमिक कर कट्टी नभएको
आयकर ऐन २०५८ अनुसार नियमित रुपमा नभई पटके रुपमा प्राप्त गर्ने वैठक भत्ता लगायतका अन्य भत्तामा १५ प्रतिशत अग्रिम करकट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा भौचर नं ५५४।०७९।०२।१० बाट मिति २०७८।९।१९ को नगर कार्यपालिकाको निर्णय बमोजिम स्वेच्छिक अवकाश लिने शिक्षकहरुलाई प्रोत्साहन बापत प्रति शिक्षक रु.११०००० का दरले प्रोत्साहन रकम दिने निर्णय गरेको देखिन्छ । सोही बमोजिम पालिकाले १५ जना शिक्षकलाई रु.१६५०००० खर्च लेखेकोमा प्रोत्साहनमा १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा कर कट्टी नगरेको देखिएकाले १५ प्रतिशतले हुने रकम रु.२४७५०० असुल गर्नुपर्ने देखिएको रु.</td><td>२४७,५००</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>खानेपानी वाटर फिल्टर
८४।०७९।२।२३ वडा नं २ को स्वीकृत कार्यक्रम अनुसार खानेपानी वाटर फिल्टर कार्यक्रमको लागि रु. ३००००० बजेट व्यवस्था गरेको छ । दिगो विकास प्रालिको बिलअनुसार १५० थान वाटर फिल्टर वितरण वापत रु. २९७००० खर्च लेखेको छ । वडा नं २ मा</td><td>२९७,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			घरधुरी सर्भेक्षण प्रतिवेदन बेगर वितरण भर्पाइको आधारमा खर्च लेखेको तथा वितरण छनोटको आधार बेगर वितरणमुखी कार्यमा खर्च गरेको नियमित नभएको रु.	
४२			**वडा नं ७ को वडा कार्यालय भवन निर्माण** उक्त भवन निर्माण गर्नका लागि मु.अ.करर प्रभिजनल सम समेत रु ८२०६३१८ को लागत अनुमान तयार गरि निर्माण व्यावसायी ककनी कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि काठमाडौ संग २०७८।३।१० मा सम्झौतम गरेको रहेछ । उक्त भवन निर्माण सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन ।	
४२.१			सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ बमोजिम सार्बजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा सोहि नियमको उपनियम २ मा उल्लेखित व्यहोराहरु खुलाइ कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले उक्त कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन । तसर्थ कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ ।	
४२.२			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम निर्माण व्यावसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न हुन नसकेमा पुर्व निर्धारित क्षतिपुर्ती असुल गर्नुपर्छ । यस निर्माण कार्यमा निर्माण व्यावसायीसग भएको सम्झौता लेखापरीक्षणमा माग गर्दा पेश नगरेकोले काम सम्पन्न गर्नुपर्ने अबधी र सम्झौता अंक खुल्न सकेन । निर्माण व्यावसायीले कार्य सपन्न गरेको निवेदन कार्यालयमा २०७९।१।१६ मा दर्ता गरेको देखिन्छ । तसर्थ सम्झौता अंक र निर्माण व्यावसायीले कार्यमा ढिलाइ गरे नगरेको यकिन गरी पुर्व निर्धारित क्षतिपुर्ती सम्बन्धमा कार्यालयले नियमानुसार निर्णय गर्नुपर्ने देखिन्छ ।	
४२.३			जनरल वर्क्सको आइटम नं ३ मा रहेको साइनबोर्ड बापत रु ५००० भुक्तानि गरेकोमा बिल भर्पाइ पेश नगरेको रु	५,०००
४२.४			निर्माण व्यावसायिलाइ अन्तिम बिल बापत भौ. न. १४५ मिति २०७९।३।२२ बाट रु ४१४२०६८ भुक्तानि गर्दा Additional test for material and works , प्रोभिजन सममा रहेको आइटम मा रु २०००० भुक्तानि गरेकोमा Additional material test को बिल भर्पाइ पेश गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु .	२०,०००
४३			**सोझै खरिद**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपूर्ती गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा सोझै खरिद गर्नु नियमसम्मत नदेखिएको रु.
<table>
<tr><td>भौ.नं</td><td>खरिद विवरण</td><td>भुक्तानी पाउने</td><td>खरिद रकम</td></tr>
<tr><td>५७९।०७९।२।३१</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>अंशु सप्लायर्स</td><td>४९७९९७</td></tr>
<tr><td>२३।०७८।४।१५</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>न्यु प्रज्ञा फर्निचर एण्ड फर्निसिङ सेन्टर</td><td>४९४९४०</td></tr>
<tr><td>६७।०७८।११।१२</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>युवा ट्रेड सप्लायर्स कास्की</td><td>४९६८१०</td></tr>
<tr><td>११८।०७९।३।१८</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>विजय ट्रेड एण्ड इन्टरप्राइजेज</td><td>७११९००</td></tr>
<tr><td>१२८।०७९।३।१९</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>लुम्बिनि इन्टरप्राइजेज</td><td>४८९२९०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२६९०९३७</td></tr>
</table></td><td>२६९०९३७</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>उपभोक्ता समितिलाइ बढी भुक्तानी
स्वीकृत लागत अनुमान र सम्झौता बमोजिम कार्यालय र उपभोक्ताकव अंश छुट्टयाइ निर्माण वा मर्मत कार्य गर्नुपर्दछ र लागत अनुमान एवं सम्झौतामा उल्लेखित अंश दुवै पक्षले व्यहोर्नु पर्दछ । भौ.न १६५।२०७९।३।२५ बाट थापा चौतारा सेवा प्रा वि हुदै टारी चौतारा मोटरबाटो ग्रावेल पक्की नाला निर्माण उपभोक्ता समिति संग रु १०८९९३६।३४ को लागत अनुमान भै उपभोक्ताले रु ११४९३६।(१०.५५%) व्यहोर्ने उल्लेख छ। पेश भएको कार्य सम्पन्न प्रतिवेदन अनुसार रु ८७६१२५।४५ को खुद कार्य गरेकोले अनुपातिक रुपमा रु ७८३८६३।८१ मात्र भुक्तानी गर्नुपर्नेमा रु ७८६१८९।०० दिएकोले अनुपातिक रुपमा रु २४९५।१८ र कन्टिन्जेन्सी सम्झौता अनुसार रु २५०००।०० समेत कट्टा नगरेकोले रु २७४९५।१८ असूल गर्नुपर्ने रु</td><td>२७,४९५</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>सिसि टिभि जडान</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्विकृत वर्षमा कार्यक्रम अनुसार सु.न.पा. वडा न ७ र वडा न ९ का विभिन्न स्थानहरुमा सिसिटिभि जडान गर्ने कार्यको लागी मुअकर सहीत रु ८०३०५७ को लागत अनुमान स्वीकृत गरेको देखिन्छ । भौ न ६६ मिति २०७९।२।९ बाट न्यु आचार्य इन्टरप्राइजेज काठमाडौ को बिलअनुसार मुअकर सहित रु ६९९२८५ भुक्तानी गरेको देखिन्छ । सिसिटिभि जडान गर्ने छनोटको आधार बेगर न्यु आचार्य इन्टरप्राइजेज प्रालि काठमाडौ लाइ कार्यदिश दिएको देखियो । जुन जुन स्थानमा सिसिटिभि जडान गर्ने हो सो स्थान विशेषको विवरण बेगर नै सुचना प्रविधि अधिकृत सुजन मिश्रले लागत अनुमान बनाएको एवं स्पेशिफिकेसन वमोजिम सामान प्राप्ति प्रमाणित नगर्नुको साथै स्थान विशेष लाइ जडान प्रमाणित नभएकोले कार्यक्रमको प्रभावकारिता नरहने र सोझै खरिद समेत गरेको अनियमित देखिनुको साथै यस कार्यमा संलग्न सुचना प्रविधि अधिकृतलाई समेत जिम्मेवार बनाउनुपर्ने रु	७९९,२८५
४६			**सोलार जडान** स्विकृत कार्क्रम अनुसार कार्यक्रम सँचालन गरी प्रतिफल सुनिश्चचित हुनुपर्दछ । भौ.न. १६१।२०७९।३।२४ वडा नं ७ मा उज्यालो वडा अभियानको लागि सडकमा सोलार बत्ति जडानको लागि लिवर्टी इन्जिनियरिङ सोलुशन एण्ड एजुकेशनल कन्सल्टेन्सी प्रा. लि. लाई १० वटा सोलार प्यानल तथा चार्ज कन्ट्रोलर समेत खरिद वापत रु ४९९०००।०० खर्च गरेको छ। उक्त सोलार बत्ति तथा सो संग सम्वन्धित सामानहरु नगरपालिकाको जिन्सी खातामा आम्दानी गरेको देखियो। हस्तान्तरण फारमबाट मौज्दात खर्च गरेको छ। सामान बुझाएको देखिएन र खरिद गरिएको सामान जडान गरेको जडान प्रमाणित, गुणस्तर प्रमाणित एवं खरिद पुर्व र खरिद पश्चात स्पेशिफिकेसन वेगर खर्च पुस्टयाई हुन नसक्ने भएकोले सम्वन्धितलाई जिम्मेवार बनाई जडान प्रमाणित हुनुपर्ने रु	४९९,०००
४७			**कृषि तथा पशुको अनुदान** पशुसेवा तर्फ शशर्तको रु.८४ लाख र नगरपालिकाको रु.२५ लाख गरी कुल रु.१ करोड ९ लाख रकम विनियोजन भएकोमा कुल रु.६० लाख ३ हजार रकम खर्च भएको देखिन्छ । जस अनुसार ५५ प्रतिशत मात्र प्रगति भएको देखिन्छ । त्यसैगरी कृषिसेवा तर्फ नगरपालिकाले रु.३० लाख र शशर्तबाट रु.१ करोड ८४ लाख गरी कुल रु.२ करोड १४ लाख रकम विनियोजन भएकोमा रु.१ करोड २२ लाख ४९ हजार अर्थात ५७ प्रतिशत रकम खर्च भएको देखिन्छ । कृषि पशुसेवा तर्फ देहायबमोजिमको कार्यक्रमको लागि रकम विनियोजन भएकोमा न्यून प्रगति भएको देखिन्छ । लक्ष्य अनुरुपको प्रगति हासिल गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।	

सि नं	कार्यक्रमको नाम	विनियोजित रकम	खर्च रकम	प्रगति प्रतिशत
क	पशुसेवा तर्फः			

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>इपिडेमियोलोजिकल रिपोर्टिङ</td><td>६०००</td><td>०</td><td>०</td></tr>
<tr><td>२</td><td>कृषि पशु पंक्षी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम</td><td>१०००००</td><td>५८०००</td><td>५८</td></tr>
<tr><td>३</td><td>कृत्रिम गर्भाधान मिसन कार्यक्रम</td><td>४०००००</td><td>०</td><td>०</td></tr>
<tr><td>४</td><td>पशु पंक्षी बजार प्रवर्धनका लागि मिटमार्ट स्थापना</td><td>२९९४०००</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>रोग नियन्त्रण सेवा (रेविज, पिपिआर, एफ एम डी, एच एस विक्यू आदी)</td><td>५००००</td><td>०</td><td>०</td></tr>
<tr><td>६</td><td>रोग निदान सेवा</td><td>८०००</td><td>०</td><td>०</td></tr>
<tr><td>ख</td><td>कृषि सेवा तर्फः</td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td>कोल्ड रुम /कोल्ड च्याम्बर निर्माणमा ५० प्रतिशत लागत साझेदारी</td><td>१६५००००</td><td>०</td><td>०</td></tr>
<tr><td>२</td><td>मध्यपहाडी लोकमार्ग तथा रोड करिडोरमा फलफूल विरुवा रोपण</td><td>२००००००</td><td>०</td><td>०</td></tr>
<tr><td>३</td><td>उन्नत विउ वितरकलाई प्रोत्साहन अनुदान</td><td>२०००००</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>हाते टयाक्टर खरिद
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम खर्चको पुष्टयाई हुनेगरी खर्चको प्रमाण राख्नुपर्ने व्यवस्था छ । भौचर नं ७।७८।४।११ वाट वडा नं ४ स्विकृत कार्यक्रम अनुसार हाते ट्रयाक्टर खरिद कार्य गरी रु. ३२५००० को ७५ प्रतिशत अनुदान अन्तर्गत ५ हर्ष पावरको मिनि टिलर ५ थान ए टु जेड कृषि ट्रेड एण्ड सप्लायर्स लमजुङलाइ भुक्तानी गरेको छ । उक्त मेसिनको हर्ष पावर खुलेको बिल पेश नभएबाट तोकिएको क्षमताको ट्रयाक्टर प्राप्त गरे नगरेको एकिन हुन नसकेको रु.</td><td>२४३,७५०</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>कृषि अनुदानको प्रभावकारीता
सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस संवन्धमा देखिएका केही व्यहोरा देहायअनुसार छन्।
· विभिन्न कार्यविधिहरुले जग्गाको स्वामित्व निश्चित अवधिसम्मको हुनुपर्ने उल्लेख गरेकोमा श्रेष्तामा जग्गाको स्वामित्वको प्रमाण खुल्दैन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· अनुदान दिएका कृषकको अनुगमन गरी उत्पादन र उत्पादकत्व सम्वन्धमा लिखित प्रतिवेदन तयार गरेको छैन । · अनुदानग्राहीले ३ वटै सरकारवाट अनुदान लिए नलिएको सुनिश्चित गरेको छैन । · वडाले कृषि तथा पशुका लागि छुट्टै अनुदान दिने गरेकोमा सो सम्बन्धी कृषि शाखामा जानकारी समेत नभएको साथै पालिकाले दिने अनुदान र वडाबाट दिने अनुदान समेत दोहरोरिन सक्ने सम्भावना देखिएको । कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।	
५०			**गर्ल्स होस्टेल निर्माण** शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम खर्च गर्नुपर्दछ भौ.न. १७।२०७८।११।२३ भक्ती नमुना विद्यालय सुन्दरवजार नगरपालिका वडा नं ९ भोटेओढारको खातामा रु ५० लाख निकासा गरेको छ।नमुना विद्यालयले स्वीकृत गुरुयोजनाको परिधिभित्र रहि न्यूनतम पूर्वाधारहरुको प्राथमिकतामा उल्लेख भएका कार्यक्रमहरु आइसिटी ल्याव (ICT LAB), विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन आदिमा खर्च गर्नुपर्ने कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख छ।विधालयलाइ गल्स होस्टेल निर्माण गर्न प्रथम किस्तावापत रु ५० लाख २५ पौष २०७८ मा भानु नमुना माद्यमिक विद्यालय र समर विल्डिङ कन्ट्रक्सन बीच ५९७०४१६।५९ मा भएको सम्झौता अनुसार ग होस्टेल विल्डिङ निर्माण गर्ने कार्यक्रम को लागि निकासा गरेकोले कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम को कार्यक्रम रहे नरहेको पालिकाले सुनिश्चित गर्नुपर्दछ ।	
५१			**शिक्षक दरवन्दी र पदपूर्ति** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	

विद्यालय	शिक्षक दरवन्दी	स्थायी पदपुर्ती	पदपुर्ती मध्ये करार	विद्यार्थी संख्या
४० वटा	३०२	२२०	७९	५२९६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			यस सम्बन्धमा निम्नानुसार देखिएको छ । • ४० विद्यालयमा ३०२ शिक्षक दरबन्दी रहेकोमा २२० पदमा स्थायी पदपुर्ती भएको, ७९ जना करारमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।	
५२			**बढी भुक्तानी सर्वोदय मा वि** १३१।२०७९।३।२० बाट स्वीकृत कार्यक्रम अनुसार बुँदा नं ३ को सर्वोदय माध्यामिक विद्यालयमा ट्रस्ट निर्माण गरे वापत रु ९३५९७५।— खर्च लेखि विद्यालयलाई भूक्तानी गरेको छ । उक्त ट्रस्ट भवन निर्माणका लागि रु १०८३९६७।७१ को लागत अनुमान गरी रु १०८९६७।७१ उपभोक्ता समितिले व्यहोर्नपर्ने बाँकी रु ९७५०००।(८९.९५%) नगरपालिकाले व्यहोर्ने उल्लेख छ।पेश भएको कार्य सम्पन्न प्रतिवेदन अनुसार रु १०१९९४२।१९ को कार्य भएकोले अनुपातिक रुपमा रु ९१७४३७।९९ भुक्तानी गर्नुपर्नेमा रु ९३५९७५।०० गरेकोले रु १८५३७।०० बढी भुक्तानी गरेको असुल हुनुपर्ने रु	१८,५३७
५३			**विद्यालय सुधार तथा सामाजिक लेखापरीक्षण अनुदान** कार्यक्रम कार्यान्वयन पुस्तिका क्रियाकलाप नं ५.१ मा विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण गर्नका लागि आधारभूत विद्यालयलाई प्रतिविद्यालय रु.१०००० र माध्यमिक विद्यालयकालई प्रति विद्यालय रु.१५००० का दरले र विद्यालयहरुलाई विद्यालय सुधार योजनाका लागि माध्यामिक तहलाई रु.२०००० र आधारभूत तहलाई रु.१५००० का दरले अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । ३७ वटा विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माणको लागि रु.६२०००० र ३७ वटा विद्यालयलाई सामाजिक परीक्षणको लागि रु.४३५००० निकासा भएकोमा लेखापरीक्षणको क्रममा विद्यालय सुधार योजना र सामाजिक लेखापरीक्षणको प्रतिवेदन पेश नभएकाले प्रतिवेदन पेश गर्नुपर्ने रु.	१०५५०००
५४			**बढी भुक्तानी** शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपूरको २०७९।३।१७ को पत्रानुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे भवन निर्माणको लागि रु १९१०९२९।७७ को लागत अनुमान गरी विद्याज्योती माध्यमिक विद्यालयलाई भौ नं ५४।२०७९।३।२५ बाट भुक्तानी गरेको देखिन्छ। लागत अनुमान रु १९१०९२९।७७ भएकोमा नगरपालिकाले रु १८०००००।०० र उपभोक्ता समितिले रु ११०९२९।७७ व्यहोर्नुपर्ने गरी सम्झौता गरेको देखियो।श्रेस्तासाथ संलग्न कार्य सम्पन्न प्रतिवेदन अनुसार रु १२९२८५६।४० को कूल कार्य सम्पन्न प्रतिवेदन र नापी किताबमा चढाई प्राविधिक प्रतिवेदन तयार गरेको देखिदा लागत अनुमान र	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्झौतामा उल्लेखित लागत व्यहोर्ने अनुपातमा नगरपालिकाले रु १२१७८७०।७२ मात्र उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा रु १८०००००।०० भुक्तानी गरेकोलेबढी भुक्तानी रु.	५८२,१२९
५५			**निर्देशिका विपरित अनुदान** ३७।२०७९।३।२३ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को बुँदा नं ८.३ बमोजिम नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानको लागि यस आर्थिक बर्षमा निर्देशिकामा रहेको अनुसूची ११ को खण्ड ग मा परेको भक्ती नमुना माद्यमिक विद्यालय भोटेओढारलाई रु १ करोड निकासा गरेको छ।प्रथम किस्तावापत ५० प्रतिशत ले हुने रु. ५० लाख विद्यालयसंग सम्झौता भएपछि दिने र बाँकी ५० प्रतिशत मध्ये स्ट्रक्चरल पार्टको कार्य सम्पन्न भएपश्चात ३० प्रतिशत अनुदान दिने र बाँकी २० प्रतिशत कार्य सम्पन्न गरे पश्चात नापी किताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी कूल अनुदान पुरा निकासा गर्ने उल्लेख छ।कार्यपालिकाको २०७९ असार २० गतेको निर्णयानुसार रु ५० लाख विद्यालयको खातामा सोझै निकासा दिने निर्णय भएको देखियो।निर्देशिकाको व्यवस्था भन्दा फरक रु १ करोड मध्ये दोश्रो किस्ता ५० प्रतिशतको स्ट्रक्चरको कार्य र कार्य सम्पन्न, नापी किताव पेश भएपछि मात्र निकासा दिनुपर्नेमा पुरै रु १ करोड निकासा गरेको देखियो । निर्देशिका बमोजिम दोश्रो किस्ता कार्य प्रगति नलिइ निकासा गरेबाट निकासा रकम पुरै १ करोडको सम्पन्न प्रतिवेदन लिनुपर्दछ र दोश्रो किस्ता रकम निर्देशिका विपरीत अनुदान निकासा गरेको रु.	५००००००
५६			**सेनेटरी प्याड खरिद** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.३ बमोजिम कक्षा ६ देखि १२ सम्मका सबै छात्राहरुलाई निशुल्क वार्षिक १० महिनाको लागि सेनेटरी प्याड वितरण गर्ने व्यवस्था गरेको छ । सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले कोटेशनबाट १२६५९ प्याकेट सेनिटरीप्याड खरिद गरी पपुलर कनेक्सन नेपाल प्रा लि लाई गो.भौ.नं.३२२।०७९।३।२३ बाट रु.९९९८९० भुक्तानी गरेको छ । छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको देखिन्छ । कक्षा ६ देखि १२ सम्मका छात्रा र ६ कक्षा भन्दा तल्लो कक्षामा माग भए बमोजिम विद्यार्थी संख्या विद्यालयसंग माग गरी सोही संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ। सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी २०७६ को दफा ३१ अनुसार विद्यालयले चौमासिक रुपमा कार्यक्रम कार्यान्वयनको चौमासिक विवरण स्थानीय तह र समाजिक	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विकास मन्त्रालयमा पठाउनुपर्नेमा पठाएको देखिएन । साथै खरिद गरेको सबै सेनेटरी प्याड विद्यालय मार्फत छात्राहरुलाई वितरण गर्नुपर्नेमा १२६२४ प्याकेट मात्र विद्यालयहरुलाई वितरण गरेको देखिएकाले बाँकी २३९ प्याकेट वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.</td><td>१८,८८१</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>अनुदान रकम निकासा
पालिकाले यस वर्ष कार्यविधि तयार नगरी भोटेओडार आँखा उपचार केन्द्र र शहरी स्वास्थ्य केन्द्र संचालनको लागि देहायबमोजिमको रकम सोझै अनुदान रकम निकासा गरेको छ । यसरी आन्तरिक स्रोतको सुनिश्चितता नगरी संस्थालाई अनुदान रकम उपलब्ध गराउदा पालिकालाई थप व्ययभार पर्न जाने देखिन्छ । साथै अनुदान दिएको रकमको के कसरी खर्च गर्ने कुनै कार्यविधि तयार नगरी कार्यपालिकाको निर्णयबाट रकम उपलब्ध गराउने सोको खर्चको मापदण्ड र अनुगमन समेत नहुँदा उपलब्ध गराइएको अनुदानको गलत उपयोग समेत हुन सक्ने हुनाले यस तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।
<table>
<tr><td>सि नं</td><td>संस्था</td><td>प्रयोजन</td><td>अनुदान रकम रु</td></tr>
<tr><td>१</td><td>भोटेओडार आँखा उपचार केन्द्र</td><td>व्यवस्थापन</td><td>५०००००</td></tr>
<tr><td>२</td><td>शहरी स्वास्थ्य केन्द्र</td><td>व्यवस्थापन</td><td>३०००००</td></tr>
<tr><td>३</td><td>चन्द्रेश्वर स्वास्थ्य केन्द्र</td><td>विविध खरिद तथा खर्च</td><td>९५४०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद
स्वीकृत बार्षिक कार्यक्रम अनुसार आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद कार्यक्रममा रु १६ लाख बजेट व्यवस्था गरेको देखिन्छ। आधारभूत तथा आकस्मीक स्वास्थ्य सेवाको लागि चाहिने अति आवश्यक निःशुल्क औषधिहरुको समयमै खरिद गरी औषधि आपूर्ती व्यवस्था मिलाउने कार्यक्रमको उद्देश्य रहेको छ।कार्यालयले सो कार्यका लागि २०७८।१२।२० मा विभिन्न ५६ प्रकारका औषधिको रु १४९२०००।०० को लागत अनुमान तयार गरेको देखिन्छ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम प्रथम चौमासिक अवधिमा लागत अनुमानको कार्य सम्पन्न गर्नुपर्ने उल्लेख भएतापनि तेश्रो चौमासिकमा लागत अनुमान तयार गरेको र लागत अनुमान तयार गर्दा लिईएका आधारहरु स्रेस्तासाथ संलग्न नगरेकोले खुल्न आएन।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>कोभिड व्यवस्थापनका लागि एम्वुलेन्स भाडा</td><td>०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			.... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति* २०७९-१२-१९ *को निर्णयबाट रु. ६५४०००।- सम्परीक्षण गरिएको ।)*	
६०			**सुन्दरबजार अस्पताललाइ अनुदान** पालिकाले आफ्नो मातहतमा रहने गरी सुन्दरबजार अस्पताल संचालन गरेको जनाएको छ । तर सो अस्पताल के कसरी संचालन गर्ने र सो संचालनबाट प्राप्त हुने आय र व्ययको हिसाब कसरी गर्ने सो सम्बन्धी कार्यविधि बनाएको देखिएन । यसरी कार्यविधि नबनाई नगरसभा तथा कार्यपालिकाको निर्णयबाट अस्पताललाई बर्षेनी लाखौं रकम अनुदान रकम निकासा गर्दै आएको देखिन्छ । सो अनुदानको खर्च गर्ने शिलिङ समेत नगर सभा तथा कार्यपालिकाको निर्णयले समेत निर्धारण नगरी सोझै अनुदान दिएको देखिन्छ । उक्त अनुदानको लेखापरीक्षण अन्य निकायबाट भएको छैन भने पालिकामा सो अनुदान रकम के कसरी खर्च भएको हो सोको खर्चको विल भरपाई पेश भएको छैन । यस वर्ष समानिकरण चालु शिर्षक भौचर नं ८१४।०७९।३।२६ बाट अस्पताललाई एकमुष्ट रु.१० लाख अनुदान निकासा गरेको छ । तर सो रकम अस्पतालले कुन कुन शिर्षकमा के कसरी खर्च गरेको हो सोको शिर्षकगत विभाजन र खर्चको विल भरपाई पालिकामा पेश भएको छैन । सोको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा शिर्षकगत खर्च वर्गिकरण र खर्चको विल भरपाई पेश गर्नुपर्ने रु.	१००००००
६१			**हात्तिपाइले रोग विरुद्धको आम औषधी कार्यक्रम** हात्तिपाइले रोग विरुद्धको आम औषधी कार्यक्रम गर्दा कार्यक्रम संचालन मापदण्ड बमोजिम पहाडी जिल्लाको पालिकामा प्रति स्वास्थ्यकर्मी प्रतिदिन १४० जना जनसंख्यालाई औषधी सेवन गाउने गरी र सोही अनुपातमा महिला स्वास्थ्य स्वयंसेविका समेत परिचालन गर्ने व्यवस्था छ । जसका लागि महिला स्वास्थ्य स्वयंसेविकालाई यातायात खर्च प्रतिदिन रु.४०० र खाजा खर्च रु.२०० का दरले र स्वास्थ्य कर्मीहरुलाई यातायात खर्च वापत प्रतिदिन रु.५०० र खाजाखर्च वापत रु.२०० खर्च गर्न सकिने व्यवस्था छ । यस पालिकाले २०७८ फाल्गुन २८ देखि चैत्र ४ गतेसम्म कार्यक्रम संचालन गरेकोमा कुल २३१४९ जनालाई औषधी सेवन गराएकोमा महिला स्वास्थ्य स्वयंसेविका बढीमा १६६ जना र सोही अनुपातमा स्वास्थ्यकर्मी परिचालन गरी खाजा बापत रु.६६४०० र यातायात वापत रु.१४९४०० गरी कुल रु.२१५८०० खर्च गर्नुपर्नेमा रु.२२२५०० खर्च लेखेको देखिएकाले नर्म्स भन्दा बढी खर्च रकम असुल गर्नुपर्ने देखिएको रु.	६,७००
६२			**भोटेओडार आँखा उपचार केन्द्र**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उक्त उपचार केन्द्र भवन निर्माणको लागि मू अ कर समेत रु ८५५६२८१।१४ को लागत अनुमान भै २०७९ आषाढ २५ गते सम्ममा काम सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री लिला गौरी इन्जिनियरिङ कन्सल्टेन्सी प्रा ली संग रु ५७७१२७२।५१ मा सम्झौता भएको रहेछ। त्यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः	
६२.१			कार्य प्रगति सम्बन्धमाः निर्माण व्यवसायिलाई दोश्रो तथा अन्तिम विलवापत भौ नं ४१ मिति २०७९।३।२५ मा रु २२९९६७८।१७ समेत हालसम्मको जम्मा खर्च रु ४४९८३७६।६९ भुक्तानी गर्दा उक्त ठेक्काको वित्तिय खर्च ७७.९४ प्रतिशत हुने देखियो। सेनिटरीको कार्य, विधुतिय कार्य, झ्यालढोका रंगरोगन तथा सटरको काम बाँकी नै रहेको र वित्तिय प्रगति २२.०६ प्रतिशत बाँकी नै रहेको अवस्थामा अन्तिम विल उल्लेख गरी भुक्तानी गरेबाट वास्तविक रुपमा काम सम्पन्न गरेको देखिएन। BOQ बमोजिमका कार्यहरु बाँकी नै रहेको अवस्थामा काम सम्पन्न नभएमा नियमानुसार म्याद थप गरी कार्य सम्पन्न गर्नुपर्नेमा गरेको कार्यजतिमा फाइनल विल एवं सम्पन्न प्रतिवेदन तयार गर्नु उचित देखिएन।	
६२.२			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाइको कारणले तोकिएको अवधिमा काम सम्पन्न गर्न नसकेमा सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने व्यवस्था छ। सम्झौता बमोजिम २०७९।३।२५ सम्ममा कार्य सम्पन्न गर्नुपर्नेमा २०७९।५।७ (लेखापरीक्षण अवधि) सम्म कार्य सम्पन्न नगरेकोले ढिला दिन ४२ दिनको हुने रु १२११९६।७२ पूर्वनिर्धारीत क्षतिपूर्ति असुल गर्नुपर्ने रु	१२११९६.७२
६२.३			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम खरिद सम्झौता बमोजिम काम सम्झौता अवधिभित्र पुरा गर्न नसकिने भएमा निर्माण व्यवसायीले २१ दिन अगावै म्याद थपको लागि निवेदन गर्नुपर्ने र उचित र मनाशिव कारण भएमा म्याद थप गर्ने अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ। निर्माण व्यवसायीले म्याद थपको निवेदन गरेको र कार्यालयले म्याद थप गरेको देखिएन।	
६२.४			उक्त निर्माण कार्यको BOQ मा उल्लेखित प्रोभिजनल सममा राखेको विमा वापतको रु ३००००।०० उल्लेख गरेकोमा विमा गरेको नदेखिएको र सामाग्रीहरुको गुणस्तर परीक्षणको लागि दोश्रो (अन्तिम विल) मा रु २००४३।८६ भुक्तानी गरेकोमा गुणस्तर परीक्षण गरेको प्रमाण एवं विल भर्पाई पेश नगरेकोले उक्त खर्च असुल गर्नुपर्ने रु	२००४३.८६
६३			**कोभीड कर्मचारिको तलब भत्ता** कोभिड १९ केश अनुसन्धान, पहिचान, परामर्श,फलोअप, नमुना संकलन वा द्रुत परीक्षण, रेकर्डिङ, रिपोर्टिङ लगायतका कार्यहरु गर्नुपर्ने उल्लेख छ। भौ नं ११ मिति २०७८।६।१८ बाट निम्नानुसारका कर्मचारीलाई कोभिड प्रकोप न्यून भै सकेको अवस्थामा कोभिडको कारणले	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राखेको कर्मचारीलाई बर्ष भरी नै राखी भुक्तानी गरेको देखिन्छ। सम्झौता अनुसार गर्नुपर्ने उपरोक्त कार्यहरु गरेको अभिलेख राखी तलव भत्ता खर्च लेख्नुपर्नेमा अभिलेख वेगर नै तलव खर्च गरेको नियमित नदेखिएको रु
<table>
<tr><td>क सं</td><td>कर्मचारीको नाम</td><td>पद/ दर्जा</td><td>बार्षिक तलव</td><td>दशैं खर्च</td><td>जम्मा रकम</td></tr>
<tr><td>१</td><td>श्री निरज सापकोटा</td><td>जनस्वास्थ्य अधिकृत</td><td>४५५८८०।००</td><td>३७९९०।००</td><td>४९३८७०।००</td></tr>
<tr><td>२</td><td>श्री कृष्ण कार्की</td><td>जनस्वास्थ्य अधिकृत</td><td>४५५८८०।००</td><td>३७९९०।००</td><td>४९३८७०।००</td></tr>
</table></td><td>९११,७६०</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम
स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सिढि निर्माण तथा वाटो सोलिङ सिञ्चाई कुलो निर्माण लगायतका निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष १६१ जनालाई रोजगारी उपलव्ध गराई अधिकतम १०० दिनको श्रमिकको पारिश्रमिकमा रु. ६१ लाख ५९ हजार खर्च गरेको छ । सामाग्री खरिद तथा व्यवस्थापनमा रु.१२ लाख १५ हजार खर्च गरेको छ । लक्षित वर्गलाई न्युनतम १८ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>टिपर तथा नगर बस संचालन नभएको
पालिकाले आफ्नो स्वामित्वमा रहेका सरकारी सम्पत्तिको उपयोग तथा संरक्षण गर्नुपर्दछ। कार्यालयले देहायका सवारी खरिद गरेकोमा हाल उक्त सवारीहरु प्रयोगमा आएका छैनन । खरिद गर्दा प्रयोजन तथा उद्देश्य नखुलाएको तथा अपेक्षित उपलव्धी एकिन नगरी खरिद गरेको कारण रु १ करोड २ लाख ४० हजारका ३ सवारीहरु थन्किएर वसेको देखियो। यस वर्ष नगर बस मर्मत र इन्धनमा रु.४ लाख ९४ हजार खर्च भएको छ ।यसको सन्चालन नहुदा ह्रासकट्टी भइ सम्पत्तिको मुल्यमा कमी आउने तथा खरिद गर्दा लागेको खर्च रकमको औचित्य स्थापित नहुने भएकोले आवश्यकता र औचित्यताका आधारमा सरकारी सम्पत्तिको खरिद तथा उपयोग गर्नुपर्दछ।
<table>
<tr><th>सवारीको नाम</th><th>खरिद मिति</th><th>खरिद मुल्य</th><th>कैफियत</th></tr>
<tr><td>टिपर १ थान</td><td>२०७२।३।२७</td><td>२७४००००</td><td>लामो समयदेखि ग्यारेजमा रहेको कारण प्रयोजन विहिन भएको</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>नगर वस २ थान</td><td>२०७६।४।६</td><td>७५०००००</td><td>एक प्रयोजन विहिन रहेको तर १ थान शव व्यवस्थापनमा प्रयोग भएको कारण नगर वस जुन प्रयोजनको लागि खरिद भएको हो सो उद्देश्य पुरा नभएको।</td></tr>
<tr><td>जम्मा ३ थान</td><td></td><td>१०२४००००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>स्रेस्ता पेश
.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. ११५३२१८।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>सुन्दरबजार बृहत खानेपानी सहलगानी
सुन्दरबजार बृहत खानेपानी सहलगानी आयोजनाको लागि लागत सहभागिता अन्तर्गत उपभोक्ताको तर्फबाट जम्मा गर्नुपर्ने रकम मध्ये नगरपालिकाले भौ.न. ९० मिति २०७९।१।५ बाट रु ८३००००० सुन्दरबजार सहलगानि खानेपानी तथा सरसफाइ उपभोक्ता सँस्थालाइ भुक्तानि गरेको देखिन्छ । सुन्दरबजार नगरपालिका वडा न. २,५,६,७र ९ वडाका नागरिकलाइ खानेपानि आपुर्ती व्यवस्थाको लागी कुल लागत इस्टिमेट रकम रु ३९१५९२५४२।७७ मध्ये लागत सहभागिता अन्तर्गत उपभोक्ता संस्थाको योगदान २० प्रतिशतले रु ७९०६०६५५।६७ रहने गरी नगरपालिका, खानेपानी आयोजना कार्यान्वयन कार्यालय र उपभोक्ता सँस्थाबिच सम्झौता भएको देखिन्छ । उपभोक्ताको योगदान रहनुपर्ने रकम मध्येबाट नगरपालिकाले रु ८३००००० उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखिन्छ । वित्तीय समानिकरणमा प्राप्त रकम आय आर्जन हुने, भोतिक पुर्वधार निर्माण हुने, रोजगारी सृजना हुने जस्ता कार्यक्रममा बजेट व्यवस्था गर्नुपर्दछ । खानेपानि उपभोक्ता सँस्थाले व्यहोर्नुपर्ने रकमको हिस्सा नगरपालिकाले समानिकरण अनुदानबाट व्यहोरेको देखियो उपभोक्ताले गर्नुपर्ने योगदानको रकम संघिय सरकार, प्रदेश सरकार एवं नगरपालिकाका सम्पुर्ण नागरिकले तिरेको करबाट निश्चित वडाका बासिन्दालाइ खानेपानिका लागि ठुलो रकम छुट्ट्याउदा उपभोक्ताले सहलगानिमा योगदान नगरे पनि हुने भावना रहने र समानिकरण अनुदानको रकम निश्चित उपभोक्ताको लागि खर्च गरिनु उपयुक्त देखिएन ।</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>फोटोकपी विल पेश
आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०६४ को नियम ५९ बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाणको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमअनुसार भौ.न. तथा मितिबाट फोटोकपि विल बिजकको आधारमा खर्च गरेकोले सक्कल विल विजक बेगरको खर्च नियमित नदेखिएको रु.</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

भौ. न. मिति	सप्लायर्सको नाम	रकम	४२४३,४६६
१५।०७८।४।१५	ग्राण्ड इन्फोसिस न्युरोड काठमाडौ	४५६९२८	
१०१।०७९।२।२०	विन्डोर इन्टरप्राइजेज कास्कि	४६०५००	
११२।०७९।१।१८	क्रिष्टी इनोभेसन टेक्नोलोजी प्राली	४९९४६०	
१५४।०७९।३।२३	नेपाल दृष्टी निर्माण सेवा प्रालि	३२६९००	
४१।०७९।३।२५	समर विल्डिङ कन्ट्रक्सन क. प्रालि	२४९९६७८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६९			**मू अ कर विजक** मुल्य अभिबृदि कर नियमावलि २०५३ को नियम ६ ग बमोजिम सोही नियमावलिको अनुसुचिमा तोकिएको ढाँचामा विल विजक दिन र लिन पर्ने उल्लेख छ । नगरपालिकाको वडा नं ९ मा खेल मैदान निर्माण कार्यका लागि तारा कन्सट्रक्सन लमजुङले २०७९।३।२३ को बिल बिजक अनुसार रु ३९९९९८।३० भुक्तानि गर्दा रु ४६०१७।५० मु.अ.कर बापत भुक्तानि गर्दा पेश गरेको बिजक नं २३ प्रिन्टेड नभइ हातले लेखेको बिजक नं को बिल जारी गरेकोमा सो रकम मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु ४६०१७।५०	४६,०१७.५
७०			**सुरक्षित नागरिक आवास कार्यक्रम** आवासको अधिकार सम्वन्धि ऐन, २०७५ वमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवास अधिकारको संरक्षण तथा परिपूर्ति गर्न गरिवीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारहरुले सुरक्षित आवास निर्माण गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्रीको खरिदको लागि पराल वा खरको छाना विस्थापित गरी जस्तापाताको छानामुनी ल्याउने कार्यक्रम अन्तर्गत यो कार्यक्रम कार्यान्वयन गरेको देखिन्छ र कार्यक्रम संचालनको लागि सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ लागु छ।यस कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्र भित्र १५१ घरपरिवारको फुसको छाना विस्थापन गर्ने लाभग्राही छनौट भएकोमा १ जनाले प्रथम किस्ता फिर्ता गरेकोले लाभग्राही छनौट संख्या १५० पुगेको देखिन्छ।१५० लाभग्राही संख्या छनौट भई आर्थिक बर्ष २०७७।७८ मा कुल अनुदान रु ५००००।०० प्रति घरको हिसावले प्रथम किस्ता वापत रु २३०००।०० का दरले रु ३४५००००।०० लाभग्राहीको खातामा नगदै पठाएको र ५००००।०० मध्ये दोश्रो किस्ता रु २७०००।०० का दरले ११० जनालाई रु २९७००००।०० बैंक आदेशद्वारा आ.व.	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			०७८।७९ मापठाएको देखिन्छ।सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ६ वमोजिम किस्ता वमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलव्ध गराएको मितिले तीन महिनाभित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुलउपर गर्नुपर्ने उल्लेख छ। १५० लाभग्राही मध्ये ११० जना लाभग्राहीले दोश्रो किस्ता वापतको रकम समेत भुक्तानी गरेबाट छनौट भई पहिलो किस्ता लगेका बाँकी ४० जनाले प्रथम किस्ता वमोजिमको गर्नुपर्ने कार्य प्रगति एक आर्थिक बर्ष सम्म पनि गरेको नदेखिएबाट निर्देशिकाको व्यवस्था वमोजिम रु २३०००।०० का दरले रु ९२००००।०० लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असूल गर्नुपर्ने रु	९२,०००
७१			**जग्गा खरिद** भौ. न . ४० मिति २०७८।८।१५ नगरपालिकाले दुराडाँडा प्रहरि चौकिको लागि जग्गा खरिद वापत रु २०००००० को. ले. नि. का लमजुङको खातामा जम्मा गरेकोमा सो खरिद सम्बन्धी मालपोतको मुल्यांङकनको आधार, जग्गा प्राप्ती ऐन २०६४ बमोजिम गठित समितिको मुल्याङकन एवं निर्णयको आधार बेगर खर्च गरेकोले खर्च नियमित नभएको रु.	२०००,०००
७२			**जडान बेगरको खर्च** कार्यालयको श्रोत र साधन मितव्ययि र प्रभावकारी ढङगले परिचालन गर्नुपर्दछ । निम्नानुसार खरिद गरिएका पाइपहरु उपयुक्त एवं प्राविधिक पुष्टयाइको आधारमा उपयोग हुनुपर्दछ । वितरण गरेका पाइपहरु आगोले नडढने, नफुटने ,टिकाउ हुने गरी खन्ने र पुर्ने गर्नुपर्दछ । पालिकाका खर्च लेखिएका पाइपहरु जति परिमाणमा खरिद गरिएको छ सो परिमाणमा खन्ने र पुर्ने गरेको पाइएन । उपभोक्ताले प्रयोग नगरेका उक्त पाइपहरु हिनामिना,मस्यौट तथा चोरी हुन सक्ने हुदाँ उक्त पाइपहरु पालिकामा फिर्ता दाखिला हुनुपर्ने वा पाइप प्रयोग भएको प्राविधिक पुष्टयाई पेश हुनुपर्ने रु	१४८,६६२
७३			**युवा प्रवर्धन कार्यक्रम**	

भौचर नं	पाइपको विवरण	प्रयोजन	सप्लायर्स	भुक्तानी रकम
७८९।०७९।३।२५	२०।१० एच डी पि इ पाइप ६०० मिटर, २५।१० एच डी पि ई पाइप २०० मिटर, ११०।४ पाइप ५० मिटर, ग्याविन बक्स १९५ स्क्वायर मिटर	नखुलेको	श्रेष्ठ निर्माण स्टोर्स	१४८६६२
	जम्मा			१४८६६२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>२३।२०७८।११।२६ वाट वडा नं ७ का युवा प्रवर्धन कार्यक्रम अन्तर्गत आरोन ड्राइभिङ सेन्टर लमजुङलाइ रु १४००००।०० भुक्तानी गरेको छ। वडा नं ७ का विभिन्न १५ जना व्यक्तिलाई तालिम दिएको उल्लेख छ। तालिम प्रदायक संस्थाले प्रमाणपत्र प्रदान नगरेको ड्राइभिङ तालिम सिकाई उपलब्धिको मुल्याङ्कन नभएको, तालिम पश्चात तिनिहरुले ड्राईभिङ फिल्डमा काम गरे नगरेको नगरपालिकाले मुल्याङ्कनसमेत नगरेवाट खर्चको उपलब्धि नदेखिदा खर्च नियमित नदेखिएको रु</td><td>१४०,०००</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>पेश्की बाँकी
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ।पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी, व्यक्ति, संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु
<table>
<tr><th rowspan="2">भौचर नं/मिति</th><th rowspan="2">पेश्की लिने व्यक्ति/फर्म/कम्पनी</th><th rowspan="2">पेश्की प्रयोजन</th><th colspan="2">आ व २०७८।७९ को पेश्की रकम</th></tr>
<tr><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>५९/२०७८।१०।२४</td><td>न्यु हिरा निर्माण सेवा</td><td>अन्य अनुदानबाट संचालित योजनाको रकम थप</td><td>४५००००</td><td></td></tr>
<tr><td>७७/२०७९।२।१३</td><td>रेशम एण्ड गौली कन्सट्रक्सन</td><td>वडा कार्यालय भवन निर्माण योजना</td><td>६०९०३०</td><td></td></tr>
<tr><td>७४/२०७८।५।१७</td><td>बिर बहादुर के.सी.</td><td>पानी तथा बिजुली</td><td></td><td>५००००</td></tr>
<tr><td>७४/२०७८।५।१७</td><td>बिर बहादुर के.सी.</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td></td><td>२५०००</td></tr>
<tr><td>७४/२०७८।५।१७</td><td>बिर बहादुर के.सी.</td><td>विविध खर्च</td><td></td><td>२५०००</td></tr>
<tr><td>१०२/२०७८।६।१८</td><td>दिल बहादुर तामाङ</td><td>उपभोक्ता समितिलाई अभिमुखीकरण कार्यक्रम</td><td></td><td>३०००००</td></tr>
<tr><td>१०६/२०७८।१२।९</td><td>लक्ष्मण लौडारी</td><td>स्थानीय तहका स्वास्थ्य चौकी, प्रा. स्वा. के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महंगी भत्ता,स्थानीय भत्ता,पोषाक लगायतका प्रशासनिक खर्च समेत</td><td></td><td>१०००००</td></tr>
</table></td><td>६५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५८/२०७८।१०।१६</td><td>कुन्छा स्वास्थ्य चौकी</td><td>मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम</td><td></td><td>५००००</td></tr>
<tr><td>५८/२०७८।१०।१६</td><td>सुन्दरबजार अस्पताल विकास समिति</td><td>मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम</td><td></td><td>१०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१०५९०३०</td><td>६५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>
निष्क्रिय खाताको विवरण
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को दफा २४ भत्ता वितरण गर्ने वैकले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको सम्वन्धित स्थानिय तहको सिफारिसमा शुन्य मौज्दातमा खाता खोली रकम जम्मा गर्न सक्ने तथा त्यसरी खोलिएको खाता सम्वन्धित लाभग्राहीले विवरण पेश गरिसकेपछी सक्रिय हुने व्यवस्था रहेको छ। साथै दफा २३ मा यसरी खोलिएका खाताहरुमध्ये निष्क्रिय खाताको विवरण सम्वन्धित वैकले प्रत्येक श्रावण महिनाको अन्त्यसम्म सम्वन्धित स्थानीय तहमा र विभागमा पठाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष सनराइज वैकमा खाता खोली देहायवमोजिम द्धितिय र तृतिय चौमासिकको रकम निकासा गरेकोमा हालसम्म पनि खाता सक्रिय नभएको वैक पत्र प्राप्त भएकोले उक्त खाता सम्वन्धमा यथार्थता एकिन गरी लाभग्राही नभएको खण्डमा उक्त रकम सम्वन्धित वैकवाट असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>खाता नं</th><th>बैंकको नाम</th><th>खातावालाको नाम</th><th>वडा नं.</th><th>दोश्रो किस्ता</th></tr>
<tr><td>१</td><td>०२७१०३५१६७४०१८</td><td>सनराइज बैंक लिमिटेड</td><td>DHAMBE SARKI</td><td>६</td><td>६४१२५.६२</td></tr>
<tr><td>२</td><td>०२७१०३५२२७२०१३</td><td>सनराइज बैंक लिमिटेड</td><td>पदम बहादुर गुरुङ्ग</td><td>७</td><td>८८१२५.०८</td></tr>
<tr><td>३</td><td>०२७०५०५३१२४०५००१</td><td>सनराइज बैंक लिमिटेड</td><td>पुर्ण बहादुर गुरुङ्ग</td><td>६</td><td>८४१००</td></tr>
<tr><td>४</td><td>०२७०३६८०९७२०५००१</td><td>सनराइज बैंक लिमिटेड</td><td>चन्द्र माया गुरुङ्ग</td><td>७</td><td>६०१४४.४४</td></tr>
<tr><td>५</td><td>०२७०३७६०७६२०५००१</td><td>सनराइज बैंक लिमिटेड</td><td>सिताराम रेग्मी</td><td>६</td><td>७०२२१.६३</td></tr>
<tr><td>६</td><td>०२७१०३४३५२६०१८</td><td>सनराइज बैंक लिमिटेड</td><td>मान बहादुर गुरुङ्ग</td><td>६</td><td>६९१२५.८९</td></tr>
</table>
</td><td>७३२४३१.१८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

७	०२७०३७४५५१२०५००१	सनराइज बैंक लिमिटेड	दिपक सापकोटा	७	११६३४३.६८
८	०७७६०००००६५५५२४	बैंक अफ काठमाडौं	पार्वती न्यौपाने		३५२४.७३
९	०७७६०००००३८०५२४	बैंक अफ काठमाडौं	प्रकृति मजाकोटी		१८७९.८६
१०	०७७६०००००७८८५२४	बैंक अफ काठमाडौं	सुरप्रिती वि.क.		१८४७.५३
११	०७७६०००००३६६५२४	बैंक अफ काठमाडौं	आशिका वि.क.		१३८६.४१
१२	०७७६००००११२८५२४	बैंक अफ काठमाडौं	देवी प्रसाद कोइराला भन्ने देव बहादुर क्षेत्री		९१६६.५८
१३	०७७६०००००८८८५२४	बैंक अफ काठमाडौं	मक राज दुरा		१८३८३.१९
१४	०७७६०००००८६६५२४	बैंक अफ काठमाडौं	दिपलव परियार		९२०.८७
१५	०७७६०००००५४५५२४	बैंक अफ काठमाडौं	लक्ष्मी देवी पाण्डे		९१७५.२६
१६	०७७६०००००५४१५२४	बैंक अफ काठमाडौं	नारायणी कोइराला		१८३५७.०३
१७	०७७६०००००४५५५२४	बैंक अफ काठमाडौं	प्रशान्त रौतेल		२३०२.६३
	११६०७०१००००२१६ (B८०७०१००००२१६)	ग्लोवल आइएमई बैंक	एकदेव अधिकारी		११३३००.७५
					७३२४३१.१८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६			**घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर** भौ. नं.३३१।२०७९।३।२३ बाट घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर कार्य संचालन गरेवापत कोड फ्युजन टेक्नोलोजी प्रा लि लाई VAT सहित रु ८१४९९८।०० भुक्तानी गरेको देखिन्छ। उक्त शिविर संचालनको लागि राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको २०७८।१०।१८ को पत्रानुसार नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार जन्म, सम्बन्ध विच्छेद, विवाह मृत्यू जस्ता व्यक्तिगत घटना दर्ता शतप्रतिशत गराउने उद्देश्य रहेको साथै योग्य नेपाली नागरिक पहुँच नपुगेकै कारण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न छुट भएको भए सो को दर्ता गराउन सहज पहुँच पुर्याउन सहयोग गर्नु यो कार्यक्रमको उद्देश्य रहेको देखिन्छ। उक्त शिविर संचालनबाट भएको सामाजिक सुरक्षा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भत्ताको निवेदन तथा घटना दर्ताका सूचना फारमहरु फिल्ड सहायकको माध्ययमद्धारा नगरपालिकामा ल्याउने ति कागजातहरु वडा कार्यालयमा पुर्याउने, सम्बन्धित स्थानीय पदाधिकारीबाट प्रमाणीकरण गरी लाभग्राही/ सेवाग्राहीलाई उपलब्ध गराउने, दर्ता शिविरमार्फत संकलन भएका घटना दर्ताका निवेदकले वडा कार्यालयबाट बढीमा एक हप्तामा प्रमाणपत्र प्राप्त गर्ने सुनिश्चितता गर्ने जस्ता क्रियाकलाप हुनुपर्ने उल्लेख छ। कार्यालयले उक्त कार्य संस्था मार्फत संचालन गरेकोमा शिविरमा भए गरेका उपरोक्त क्रियाकलापको प्रगति विवरण पेश नहुनुका साथै खर्चको उपलब्धी देखिने विवरण पेश नभएको र सेवा प्रदायक संस्था कोड फ्यूजन टेक्नोलोजीको २०७९।३।२२ को फोटोकपी विल विजकको आधारमा गरेको खर्च नियमित नदेखिएको रु	८१४,९८८